**AUSTRALIAN EMBASSY**
**KATHMANDU**

15 डिसेम्वर 2010

## अष्ट्रेलियालि राजदुतद्वारा जलवाई देवि विद्यालय, सिन्धुपाल्चोकमा कम्प्युटर केन्द्रको उदघाटन्

अष्ट्रेलियालि राजदुत श्रीमति सुसन ग्रेसले विहीवार, 15 डिसेम्वर 2010 मा दुवाचौर गा.वि.स-9, केउरेनी, सिन्धुपाल्चोकमा अवस्थित जलवाई देवि माध्यामिक विद्यालयमा स्थपित कम्प्युटर केन्द्रको उदघाटन गर्नुभयो ।

दुतावासले प्रत्यक्ष सहयोग कार्यक्रम 2009-10 अन्तर्गत, स्थानिय गैर सरकारी संस्था चाईल्ड नेपाललाई सो विद्यालयमा कम्प्युटर र सुचना प्रविधी शिक्षा केन्द्र स्थापना गर्न अष्ट्रेलियालि डलर 19,000 (करिब नेरु 1,240,000) सहयोग प्रदान गरेको थियो ।

सहयोगका माध्यमबाट विद्यालयमा अहिले 15 कम्प्युटरहरु, 1 प्रिन्टर, 1 ईन्भर्टर, सौर्य विद्युत प्रणालि, ईन्टरनेट सुविधा र तालिम प्राप्त कम्प्युटर शिक्षकको सुविधा उपलब्ध भएकोछ ।

विद्यालयले हाल कम्प्युटर शिक्षा सुरु गरीसकेको छ र विद्यार्थीहरुले प्रवेशिका परिक्षाकालागि ऐक्षिक कम्प्युटर विज्ञान विषय अध्ययन गर्न पाउने व्यवस्था भएकोछ ।

अस्ट्रेलियाली सरकारले आर्थिक वर्ष 2010-11 को लागि नेपालको लागि विकास सहयोग अन्तर्गत 1.25 अर्व रुपैयाको सहयोगको घोषणा गरेको छ । यस वर्ष प्रत्यक्ष सहयोग कार्यक्रम अन्तर्गत दुतावासले 8 परियोजनाहरु लाई करीब 1 करोड 14 लाख बराबरको आर्थिक सहयोग प्रदान गरेको छ ।

- अन्त्य

Australian Embassy, P.O. Box 879, Bansbari, Kathmandu, NEPAL
Telephone: 977 1 4371 678 Facsimile: 977 1 4371 533
Website: www.nepal.embassy.gov.au